नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या २०७६।७७ मिति: २०७६।०८।०१

च.नं.: ४८

**श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु सवै ।**

**विषय :- धन्यवाद ज्ञापन ।**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले संघीय सञ्चित कोषको सञ्चालन, विनियोजन, राजस्व, धरौटी कार्यसञ्चालनकोष लगायत अन्य आर्थिक कारोवारको सञ्चालन र व्यवस्थापन गर्ने जिम्वेवारी र उत्तरदायित्व महालेखा नियन्त्रक कार्यालयलाइ प्रदान गरेको छ । त्यसै गरी सोही ऐनले आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन कार्तिक मसान्त भित्र अर्थ मन्त्रीज्यू समक्ष पेश गर्ने व्यवस्था गरेकोमा सो कार्य पूरा गरिएको तथा सोही ऐनको दफा २९ (१) ले महालेखा नियन्त्रक कार्यालयले तोकिएको अवधि भित्र प्रत्येक आर्थिक बर्षको संघिय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरु सहितको केन्द्रिय लेखाको एकीकृत वित्तीय विवरण महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नु पर्नेछ भन्ने कुरा उल्लेख भए बमोजिम महालेखा नियन्त्रक कार्यालयले नेपाल सरकारको केन्द्रिय लेखाको एकीकृत वित्तीय विवरण तथा प्रदेश र स्थानीय तहहरुको आय-व्यय विवरण तयार गरी मिति २०७६।०८।०१ गते महालेखापरीक्षक समक्ष पेश गरेको छ । यो कार्यमा सहयोग गर्नुहुने सम्पुर्ण कोष तथा लेखा नियन्त्रक कार्यालय परिवार, प्रदेश लेखा नियन्त्र कार्यालय र स्थानिय तहहरुलाई महालेखा नियन्त्रक कार्यालय हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

२०७६।८।१

..............................

**गोपीनाथ मैनाली**

**महालेखा नियन्त्रक**

"नतिजामुखी प्रशासन: समृद्धि र सुशासन"
अनामनगर,काठमाडौं, फोन नं. ०१-४७७१२९०, फ्याक्स नं. ०१-४७७१२९१, फ्याक्स नं. ०१-४७७०३५३
E-mail:info@fcgo.gov.np, Website:www.fcgo.gov.np